# लमही राजपत्र

## लमही नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ४) लमही, दाङ, (संख्या : ३ मिति : २०७८/०५/२९


## भाग-१

### लमही नगरपालिका

## लमही नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन (बढुवा तथा स्तरबृद्धि) गर्न बनेको ऐन, २०७८

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई लमही नगरपालिकामा कामकाज गर्न खटाइए पश्चात साविकको स्थानीय निकायको सेवामा प्रवेश गरी हाल सम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको बढुवा नहुँदा स्थानीय सेवाका समग्र कर्मचारीको वृत्ति विकासमा अवरुद्ध भएकोले त्यस्ता कर्मचारीहरुको बढुवा तथा स्तरवृद्धि सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम लमही नगरपालिकाको नगर सभाले यो ऐन वनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "लमही नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन (बढुवा तथा स्तरबृद्धि) गर्न वनेको ऐन,२०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले "लमही नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन (बढुवा तथा स्तरबृद्धि) गर्न वनेको ऐन,२०७८" लाई सम्झनु पर्छ।

(ख) कर्मचारी भन्नाले साविक स्थानीय निकायको रुपमा रहेको लमही नगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत रहेका र अन्य स्थानीय निकायवाट समायोजन हुँदा वढुवा नभई लमही नगरपालिकामा समायोजन भएका यो ऐन जारी हुँदाका वखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले लमही नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन र लमही नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको कुरालाई सम्झनु पर्छ ।

(ङ) "नगरसभा" भन्नाले लमही नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त लमही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

छ) "स्थानीय सेवा" भन्नाले साविक स्थानीय निकायवाट समायोजन भई कार्यरत स्थायी कर्मचारीको सेवा समुहलाई सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले लमही नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "स्थानीय कानुन" भन्नाले लमही नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

३. <u>**स्थानीय सेवाका कर्मचारी बढुवा गर्नेः**</u>

(१) साविक स्थानीय निकायको रुपमा लमही नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिकामा सरुवा, समायोजन, पदस्थापन भएका र यो ऐन जारी हुँदाको वखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको बढुवा तथा स्तरबृद्धि गरिने छ ।

(२) उपदफा (१) बमोजिम कम्तीमा चार वर्ष स्थायी रुपमा कार्यरत नगरपालिकामा समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुको बढुवा देहाय वमोजिम हुनेछ ।

| क्र.सं. | साविकको तह | बढुवा/स्तरबृद्धि पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्रेणी विहीन प्रथम | श्रेणी विहीन दोश्रो | कार्यालय सहयोगी | |
| २. | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | सहायकस्तर पाँचौं | |
| ३. | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौ | अधिकृतस्तर छैठौं | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्वन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

(४) यस दफा बमोजिम नगरपालिकामा स्थानीय सेवाका कर्मचारी वढुवा गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिने छ ।

(५) उपदफा (१) बमोजिम बढुवा स्वीकार गर्ने कर्मचारीहरुले बढुवा कायम हुने तहका निम्ति तोकिएको तलवमान र सुविधाहरु प्राप्त गर्नेछन ।

(६) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि श्रेणिविहीन कर्मचारीको हकमा पाँच बर्ष वा सोभन्दा बढी सेवा अवधि भएकोलाई दोस्रोस्तरमा दस बर्ष वा सो भन्दा बढी सेवा अबधि भएकोलाई तृतीयस्तर र पन्ध्र बर्ष वा सोभन्दा बढी सेवा अवधि भएकोलाई चतुर्थस्तरमा स्तरवृद्धि गरिनेछ ।

(७) उपदफा (२) बमोजिम बढुवा तथा स्तरवृद्धि सम्बन्धी प्रावधान एक पटकका लागि मात्र लागु हुनेछ ।

४. **<u>बढुवा तथा स्तरबृद्धि पत्र दिनेः</u>** (१) यस ऐन वमोजिम बढुवा तथा स्तरबृद्धि भए पश्चात् नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले वढुवा भएको पत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने वढुवाको पत्र अनुसूचि-१ बमोजिम हुनेछ ।

५. **<u>पदस्थापना गरिनेः</u>** दफा ३ बमोजिम वढुवा भएका नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई वढुवा पश्चात पदस्थापना गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी वढुवा भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापना गर्नु पुर्व गरिआएको काम/काज गर्न वाधा पुगेको मानिने छैन ।

६. **<u>नगरपालिकाले संगठन तथा ब्यवस्थापन</u>** सर्वेक्षण गराई पुल दरवन्दीमा रहेका कर्मचारीहरुलाई उपयुक्त समुह तथा उपसमुहमा पदस्थापना गरिनेछ ।

७. **<u>बढुवा भएका कर्मचारीको सेवा सुविधाः</u>** यस ऐन वमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुविधा प्रचलित कानुनले तोके वमोजिम हुने छ ।

८. **<u>जेष्ठताको गणनाः</u>** (१) यस ऐन वमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता वढुवा भएको मिति देखि गणना हुनेछ ।

९. **<u>अवश्यक व्यवस्था मिलाउनेः</u>** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुनेगरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

बढुवा/स्तरबृद्धि पत्र

पत्र संख्याः मितिः.................

चलानी नं.

श्री .......................................

**विषयः बढुवा/स्तरबृद्धि गरिएको सम्बन्धमा ।**

लमही नगरपालिकाको कर्मचारी ब्यवस्थापन (बढुवा तथा स्तरबृद्धि) गर्न बनेको ऐन, २०७८ बमोजिम आजैका मिति देखि जेष्ठता कायम हुने गरी तपाईलाई देहाय बमोजिमको पद/तहमा बढुवा/स्तरवृद्धि गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारीपुर्वक सम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ ।

स्थानीय सेवाको पद/तहमा बढुवा/स्तरवृद्धि हुनु भएकोमा बधाई छ ।

**तपसिलः**

| **हाल कार्यरत पद तथा तहको विवरणः** | **बढुवा स्तरबृद्धि गरिएको पद तथा तहको विवरणः** |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समुहः | पदः<br>तहः<br>सेवाः<br>समुहः |

............................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्विनी प्रदेश, मुकाम वुटवल ।

श्री प्रदेश लोकसेवा आयोगको कार्यालय, लुम्विनी प्रदेश, वुटवल ।

श्री कर्मचारी संचय कोष, त्रिदेवी मार्ग, ठमेल काठमाडौं ।

श्री नागरिक लगानी कोष, नयाँवानेश्वर, काठमाडौं ।

श्री प्रशासन शाखा, लमही नगर कार्यपालिकाको कार्यालय, लमही दाङ ।

श्री आर्थिक प्रशासन शाखा, लमही नगर कार्यपालिकाको कार्यालय, लमही दाङ ।

**आज्ञाले,**

**गेहेन्द्र बहादुर डाँगी**

**प्रमुख प्रशासकीय अधिकृत**